वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com
bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY
राष्ट्रिय दैनिक




वर्ष ४४ अंक २८९ | २०८२ फागुन २६ गते मंगलबार, नेपाल सम्वत् ११४६ March 10, 2026 | पृष्ठ ४ | मूल्य : रू. ५/-



**सेलरोटीको व्यापार :** तनहुँको आँवुखैरेनी गाउँपालिकाले सञ्चालन सोमबारे कृषि हाटबजारमा बिक्रीका लागि सेलरोटी पकाउँदै एक स्थानीय महिला । गाउँपालिकाले प्रत्येक हप्ताको शुक्रबार र सोमबार कृषि हाटबजार सञ्चालन गरी स्थानीय कृषकले उत्पादन गरेका कृषि उपज बिक्री वितरण गर्न सहज बनाएको छ । *तस्विर : भञ्ज्याङ*

# पैतीस वर्षमुनिका माननीयहरू

**प्रगति ढकाल**/काठमाडौं

गत भदौ २३ र २४ गतेको 'जेनजी' आन्दोलनपछि सिर्जित विशेष राजनीतिक परिस्थितिबीच सम्पन्न भएको प्रतिनिधिसभा सदस्य निर्वाचनको परिणाम आउने क्रम अन्तिम चरणमा रहेको छ । अधिकांश निर्वाचन क्षेत्रको नतिजा आइसकेको छ भने समानुपातिक तर्फको मतगणना प्रक्रिया अझै जारी छ । तर, यसपटकको निर्वाचनले नेपाली राजनीतिमा नयाँ पुस्ताको बलियो प्रवेश गराएको छ ।


यसपटक प्रतिनिधिसभा सदस्यको निर्वाचनमा ३५ वर्षमुनिका युवाले उल्लेखनीय सफलता हात पारेका छन् । पुराना पुस्ताको बाक्लो उपस्थिति रहेको संसद्मा अब भने नयाँ पुस्ताको उपस्थिति बाक्लो देखिने भएको छ । विशेषगरी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट उम्मेदवारी दिएका धेरै युवा पुस्ताले विभिन्न निर्वाचन क्षेत्रमा प्रभावशाली मतसहित विजय हासिल गरेका छन् । उहाँहरूको जितले नयाँ सोचलाई अवसर दिन चाहेको सन्देश पनि दिएको छ ।

अब संसद्मा प्रवेश गरेका यी युवा सांसदहरूले जनताले राखेको अपेक्षा कत्तिको पूरा गर्न सक्छन् भन्ने हेर्न बाँकी नै छ । यस निर्वाचनको परिणामले नेपाली राजनीतिमा पुस्तान्तरणको बहसलाई नयाँ ऊर्जा भने पक्कै दिएको छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट ३५ मुनिका २० जना उम्मेदवार निर्वाचित भएका छन् ।

यसैगरी, नेपाली कांग्रेसबाट एक, श्रम संस्कृति पार्टीबाट एक, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट एक जना गरी यसपटक २३ जना ३५ वर्षमुनिका उम्मेदवारले प्रत्यक्ष चुनाव जितेका छन् । ३५ वर्षमुनिका सांसदको अग्रसूचीमा हुनुहुन्छ, ३० वर्षीया सोविता गौतम । दोलखाको तामाकोशी गाउँपालिका जामुनेमा जन्मिनुभएकी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को केन्द्रीय सदस्य रहनुभएकी गौतम चितवन-३ बाट विजयी हुनुभएको छ ।

उहाँले ५९ हजार २७७ मत ल्याएर विजयी हुनुभएको हो । गौतमको निकतम प्रतिस्पर्धी रेणु दाहालले २० हजार ६१५ मत प्राप्त गर्नुभएको थियो । ३० वर्षको उमेरमा उहाँ दोस्रोपटक प्रतिनिधिसभाको सांसद बन्नुभएको छ। उहाँले २०७९ सालको प्रतिनिधिसभामा काठमाडौँ-२ बाट जित हासिल गर्नुभएको थियो । कानुनमा स्नातक गर्नुभएको अधिवक्ता गौतमले अत्यधिक मतका साथ विजयी हुनुभयो ।

पैँतीस वर्षमुनिकै अर्को सांसद हुनुहुन्छ, सुलभ खरेल । २०५४ साल भदौ बुटवलमा जन्मनुभएका खरेल २८ वर्षको उमेरमा नै सांसद बन्ने अर्को उम्मेदवार हुनुहुन्छ । उहाँ प्रतिनिधिसभा सदस्यको चुनावमा रुपन्देही-२ बाट ५६ हजार ५५० मत ल्याएर विजयी हुनुभएको छ । उहाँका निकटतम प्रतिस्पर्धी पूर्वअर्थमन्त्री रहनुभएका नेकपा (एमाले)का उम्मेदवार विष्णु पौडेलले १२ हजार ८६१ मत ल्याउनुभएको थियो। खरेलले नेपाल ल क्याम्पसबाट पाँचवर्षे बिए-एलएलबी अध्यायन गर्नुभएको छ ।



प्रतिनिधिसभा सदस्य निर्वाचनमा मोरङ क्षेत्र नम्बर ६ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को उम्मेदवार रूविना आचार्य विजयी हुनुभएको छ । विराटनगरमा जन्मिनुभएकी आचार्यले ५५ हजार

बाँकी अन्तिम पेजमा

# तनहुँमा पूर्वमन्त्रीसहित २२ जनाको जमानत जफत

**भञ्ज्याङ समाचारदाता**/दमौली

तनहुँमा प्रतिनिधिसभा सदस्य निर्वाचनमा प्रतिस्पर्धा गरेका पूर्वमन्त्रीसहित २२ जनाको जमानत जफत भएको छ । तनहुँ निर्वाचन क्षेत्र नं १ मा १४ र तनहुँ क्षेत्र नं २ मा आठ जनाको जमानत जफत भएको जिल्ला निर्वाचन कार्यालय तनहुँले जनाएको छ ।

तनहुँ क्षेत्र नं १ मा १६ उम्मेदवारमध्ये पूर्वमन्त्री एवं नेकपा (एमाले)का भगवती न्यौपाने, नेपाली कम्युनिष्ट पार्टीका विद्यानाथ ढकाल, राष्ट्रिय प्रजातन्त्र पार्टीका रामदत्त जोशी, नेपाल मजदुर किसान पार्टीका रामलक्ष्मी दुवाल, मङ्गोल नेसनल अर्गनाइजेसनका प्रेमबहादुर थापा र नेपाल जनमुक्ति पार्टीका यामबहादुर आलेको जनमत जफत भएको जिल्ला निर्वाचन अधिकारी विकास लम्सालले जानकारी दिए।

उनका अनुसार नेसनल रिपब्लिक नेपालका सुमन थापा मगर, श्रम संस्कृति पार्टीका काशिराम गुरूङ, नेपाल कम्युनिष्ट पार्टीका ओमविक्रम पन्त, उज्यालो नेपाल पार्टीका मन्जिल राना, आम जनता पार्टीका चिजामाया अधिकारी, स्वतन्त्र दीपकराज जोशी, लेखनाथ खनाल र सन्देश रानाभाट लौडारीको जनमत जफत भएको छ ।

विजयी राष्ट्रिय स्वतन्त्र पार्टीका उपसभापति एवं निर्वाचित प्रतिनिधिसभा सदस्य डा स्वर्णिम वाग्लेको निकटतम प्रतिस्पर्धी तनहुँ १ मा नेपाली कांग्रेसका गोविन्द भट्टराईले मात्रै पराजित भए पनि जनमत बचाउन सफल भएका छन् । वाग्लेले ३८ हजार ४० मत पाउँदा भट्टराईले १६ हजार २३१ मत पाएका थिए भने एमालेका प्रतिस्पर्धी भगवती न्यौपानेले पाँच हजार ८३० मत प्राप्त गरेका थिए। न्यौपानेको यस मतले जनमत जफत हुनबाट जोगाउन सकेन ।

तनहुँ १ मा कुल एक लाख २६ हजार ८८२ मतदातामध्ये ६८ हजार १४९ मत खसेको थियो । तीमध्ये ६५ हजार ४१९ सदर भएको छ भने दुई हजार ३० मत बदर भएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ ।

त्यस्तै क्षेत्र नं २ तर्फ ११ जनाले उम्मेदवारी दर्ता गराएकामा नेपाली कम्युनिष्ट पार्टीका सोमबहादुर थापा, राष्ट्रिय प्रजातन्त्र पार्टीका यामबहादुर ठकुरी, नेपाल मजदुर किसान पार्टीका लक्ष्मण अधिकारी, मंगोल नेसनल अर्गनाइजेसनका सुस्मा आले, नेपाल जनमुक्ति पार्टीका पूर्णबहादुर राना, नेपाल कम्युनिष्ट पार्टीकाका गणेशबहादुर लामगादे र राष्ट्रिय जनमुक्ति पार्टीका लालबहादुर साकी (गोतामे)को जमानत जफत भएको जिल्ला निर्वाचन अधिकारी लम्सालले जानकारी दिए ।

तनहुँ २ मा रास्वपाका श्रीराम न्यौपानेले ३२ हजार ६८७ मत ल्याएर विजयी भए । उनका प्रतिस्पर्धी नेपाली कांग्रेसका शङ्कर भण्डारी र एमालेका केदार सिग्देलले पराजित भए पनि जनमत जोगाउन सफल भएका छन् । विजयी रास्वपाका श्रीराम न्यौपानेका प्रतिस्पर्धी नेपाली कांग्रेसका शङ्कर भण्डारीले १४ हजार १३५ र एमालेका केदार सिग्देलले ११ हजार ६६८ मत ल्याएका थिए ।

तनहुँ २ मा एक लाख २७ हजार ५१५ मतदातामध्ये कुल ६६ हजार १०१ मत खसेको थियो । ६२ हजार ५०९ मत सदर भएको छ भने तीन हजार ५३२ मत बदर भएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ। प्रतिनिधिसभा सदस्य निर्वाचनमा उम्मेदवारी दर्ता गर्दा जमानतबापत रू १० हजार धरौटी बुझाउनुपर्छ । महिला र दलित वा अल्पसङ्ख्यक समुदाय वा आर्थिक रूपले विपन्न उम्मेदवारको हकमा सो धरौटी रकममा ५० प्रतिशत छुट हुने व्यवस्था छ । निर्वाचन क्षेत्रमा जम्मा सदर मतको १० प्रतिशतभन्दा कम सदर मत पाउने उम्मेदवारले सो धरौटी रकम फिर्ता पाउँदैन । त्यसैलाई 'जमानत जफत' भनिन्छ ।

# तनहुँमा रास्वपा पहिलो

**भञ्ज्याङ समाचारदाता**/दमौली

समानुपातिकतर्फ तनहुँमा रास्वपा पहिलो दल बनेको छ । सोमबार बिहान सम्पन्न मतपरिणाम अनुसार रास्वपाले सबैभन्दा बढी मत प्राप्त गरेको हो। तनहुँमा रास्वपाले ६९ हजार १३२ मत प्राप्त गरेको जिल्ला निर्वाचन कार्यालय तनहुँले जनाएको छ। जिल्ला निर्वाचन अधिकारी विकास लम्सालका अनुसार नेपाली कांग्रेसले २७ हजार ४३९, नेकपा (एमाले) ले १५ हजार ९४०, नेपाली कम्युनिष्ट पार्टीले चार हजार ६४८, राप्रपाले तीन हजार ६७, श्रम संस्कृति पार्टीले दुई हजार ७४२, मङ्गोल नेसनल अर्गनाइजेसनले ७३३ मत प्राप्त गरेको छ ।

त्यसमध्ये तनहुँ क्षेत्र नम्बर १ मा रास्वपाले ३८ हजार ८०७, नेपाली कांग्रेसले १५ हजार १७२, नेकपा (एमाले)ले पाँच हजार ९६०, नेपाली कम्युनिष्ट पार्टीले दुई हजार ८४८, राप्रपाले एक हजार ७७६, श्रम संस्कृति पार्टीले एक हजार ५३२, मङ्गोल नेसनल अर्गनाइजेसनले २६७ मत प्राप्त गरेको छ । क्षेत्र नम्बर २ तर्फ रास्वपाले ३० हजार ३२५, नेपाली कांग्रेसले १२ हजार २६७, नेकपा (एमाले) ले नौ हजार ९८०, नेपाली कम्युनिष्ट पार्टीले एक हजार ८००, राप्रपाले एक हजार २९९, श्रम संस्कृति पार्टीले एक हजार २१०, मङ्गोल नेसनल अर्गनाइजेसनले ४६६ मत प्राप्त गरेको छ ।

## सम्पादकीय ............

www.bhanjyangnews.com

# युवा, रोजगारी र नयाँ सरकारको जिम्मेवारी

नेपालको सामाजिक–आर्थिक संरचनाको सबैभन्दा ठूलो विडम्बना के हो भने यहाँका लाखौँ युवा आफ्नो भविष्य खोज्न विदेशिन बाध्य छन्। गाउँघरका उर्वर खेतबारी बाँझो छन्, तर ती खेतबारी जोत्ने हातहरु खाडी, मलेसिया र कोरियातिर पसिना बगाइरहेका छन्। विदेशमा पसिना बगाउने ती युवाहरूले पठाएको रेमिटेन्सले देशको अर्थतन्त्रलाई चलायमान त बनाइरहेको छ, तर त्यसको दिगो र उत्पादनमुखी उपयोग नहुँदा आर्थिक विकासको गहिरो जरा गाड्न सकिएको छैन। अर्बौं रूपैयाँ रेमिटेन्स मुलुकमा भित्रिन्छ, तर त्यो रकम उपभोगमै खर्च भएर फेरि विदेशिने चक्रमा मिसिन्छ। यसले हाम्रो आर्थिक सोच र नीति निर्माणमा गम्भीर प्रश्न खडा गरेको छ । नेपाल संघीय शासन प्रणालीमा प्रवेश गरिसकेको छ। संविधानले तीन तहको सरकारको व्यवस्था गरेको छ– संघ, प्रदेश र स्थानीय। यीमध्ये जनताको सबैभन्दा नजिकको सरकार स्थानीय तह हो। गाउँघरमै रोजगारी सिर्जना गरेर युवालाई देशमै रोक्न सकिने सबैभन्दा प्रभावकारी माध्यम पनि यही तह हो। तर विडम्बना के छ भने तीनवटै तहका सरकारका नीति, कार्यक्रम र बजेटमा युवालाई स्थायी रूपमा स्वदेशमै स्वरोजगार बनाउने ठोस रणनीति अझै स्पष्ट रूपमा देखिएको छैन। स्वरोजगारका नाममा सतही कार्यक्रम, सीमित बजेट र फोटासेशनमुखी गतिविधि मात्र दोहोरिँदै आएका छन्। यसले युवाको समस्या समाधान गर्नुको सट्टा झन् निराशा थपिरहेको छ।

आजको युवापुस्ता गम्भीर अन्योलमा छ। पढेर के गर्ने? रोजगारी छैन। खेतीपाती गरौँ भने जग्गा छैन, भए पनि सीप र प्रविधिको अभाव छ। सीप छ भने उत्पादनको बजार छैन। विदेश जान चाह्यो भने ठूलो खर्च जुटाउनुपर्ने बाध्यता छ। यसरी बहुपक्षीय समस्यामा फसेका युवाहरूलाई मार्गदर्शन, अवसर र विश्वासको आवश्यकता छ। यस्तो अवस्थामा उनीहरूको सबैभन्दा ठूलो सहारा बन्न सक्ने संस्था स्थानीय सरकार नै हो । स्थानीय तहले आफ्नो क्षेत्रभित्रका युवाहरूको अवस्था पहिचान गरेर उनीहरूको आवश्यकता अनुसार शिपमूलक, जानकारीमूलक र प्रतिस्पर्धात्मक तालिम सञ्चालन गर्न सक्छ। लोक सेवा आयोग तथा अन्य सरकारी सेवाका तयारी कक्षा सञ्चालन गरेर हजारौँ युवालाई स्वदेशमै जागिरका लागि तयार पार्न सकिन्छ। यसैगरी कृषि, पशुपालन, साना उद्योग वा पर्यटन व्यवसाय गर्न चाहने युवाहरूलाई उद्यमशीलता विकास तालिम, सहुलियत ऋण, अनुदान, प्रविधि र बजार व्यवस्थापनजस्ता सहयोग उपलब्ध गराउन सकिन्छ। यसका लागि स्थानीय सरकारले "गाउँमै रोजगारी" जस्तो नमुना अभियान सञ्चालन गर्न सक्छ। यस अभियान अन्तर्गत जग्गा नभएका युवालाई सहमतिका आधारमा जग्गा प्रयोगको व्यवस्था गर्ने, बीउबिजन, मल, औजार र तालिम उपलब्ध गराउने तथा उत्पादित वस्तुको बजार सुनिश्चित गर्ने व्यवस्था गर्न सकिन्छ। विदेश जान चाहने युवाले खर्च गर्न लागेको रकम यहीँ उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने वातावरण सिर्जना गर्न सके ग्रामीण अर्थतन्त्र चलायमान बन्न सक्छ। यसले आयातमुखी अर्थतन्त्रलाई क्रमशः उत्पादनमुखी दिशातर्फ लैजान मद्दत पुर्‍याउनेछ।

आज नेपालको गाउँघर युवाविहीन बन्दै गएका छन्। काम गर्ने उमेरका अधिकांश मानिस विदेशिएपछि गाउँको उत्पादन घट्दो छ र विकासका आधारहरु कमजोर हुँदै गएका छन्। यदि युवाहरु गाउँमै फर्किएर स्वरोजगार बन्न सके भने मात्र गाउँको जीवन्तता फर्कन सक्छ। त्यससँगै स्थानीय अर्थतन्त्र बलियो बन्नेछ र समग्र मुलुकको समृद्धिको आधार तयार हुनेछ। यही सन्दर्भमा हालै सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनले नयाँ राजनीतिक सन्देश दिएको छ। जनताले दिएको मतबाट बनेको दुईतिहाइको बलियो सरकारले अब राजनीतिक स्थिरतालाई मात्र होइन, आर्थिक रूपान्तरणलाई पनि प्राथमिकता दिनुपर्नेछ। विगतमा अस्थिर सरकार र कमजोर निर्णय क्षमताका कारण धेरै नीति कार्यान्वयन हुन सकेनन्। तर अहिलेको बलियो जनादेशले सरकारलाई दीर्घकालीन सुधार र ठोस कार्यक्रम अघि बढाउने अवसर दिएको छ। यो अवसरलाई सही रूपमा प्रयोग गर्न सके सरकारले युवालाई केन्द्रमा राखेर राष्ट्रिय विकास रणनीति निर्माण गर्नुपर्छ। स्थानीय तहसँग सहकार्य गर्दै उत्पादन, रोजगारी र उद्यमशीलतामुखी कार्यक्रमलाई प्राथमिकता दिनु अहिलेको आवश्यकता हो। नीति निर्माणदेखि बजेट विनियोजनसम्म युवालाई देशमै अवसर दिने लक्ष्य स्पष्ट रूपमा देखिनु जरूरी छ। सरकारले युवालाई तिर्खा लाग्दा पानी दिएर होइन, इनार खन्ने उपाय दिनुपर्छ। शिक्षा, सीप, स्रोत र सम्भावनालाई एकीकृत गर्दै युवाको ऊर्जा स्वदेशमै उपयोग गर्न सके मात्र नेपालको समृद्धिको सपना साकार हुन सक्छ। बलियो सरकारको वास्तविक परीक्षा पनि यही हो– युवालाई विदेशिन बाध्य बनाउने परिस्थितिलाई अन्त्य गरेर देशभित्रै आशा र अवसरको वातावरण सिर्जना गर्नु । हालै सम्पन्न निर्वाचनको जनादेश पनि यही हो ।

# निर्वाचन, खाडी युद्ध र नेपाली अर्थतन्त्रमा सिर्जना भएका अवसरहरू

गत भदौमा सुशासनका लागि नेपाली युवा पुस्ताले गरेको तत्कालीन सरकारविरोधी विद्रोहलाई फागुन २१ मा सम्पन्न प्रतिनिधि सभाको निर्वाचनमार्फत सम्पूर्ण नेपाली जनताले पूर्ण रूपमा अनुमोदन गरेका छन्। परम्परागत राजनीतिक दल र पुरानो पुस्तालाई विस्थापन गर्दै नयाँ पुस्ताको वकालत गर्ने राष्ट्रिय स्वतन्त्र पार्टी र उसले प्रधानमन्त्रीका रूपमा अघि सारेका काठमाडौँका पूर्व नगरप्रमुख बालेन शाह निर्वाचन परिणामका आधारमा जनस्तरबाट सर्वसम्मत अनुमोदित भएको देखिन्छ।

नेपालको राजनीतिक सत्ता सञ्चालनका लागि युवा पुस्ताको अनुमोदनसँगै वर्तमानमा देखिएका अन्य केही विश्वव्यापी घटनाक्रमले समग्र नेपालको अर्थतन्त्रमा भने धेरै चुनौती र केही नयाँ अवसरहरु पनि सिर्जना गरेका छन्। हालै सिर्जित इरान–अमेरिका तनाव, अमेरिकाद्वारा इरानमाथि भएको आक्रमण र त्यसको प्रत्याक्रमणका क्रममा अधिकांश नेपाली वैदेशिक रोजगारमा कार्यरत रहेका मुलुकमा देखिने असरहरु अनुमान गरेभन्दा पनि घातक हुन सक्छन् र वर्तमान निर्वाचित सरकारलाई अझ चुनौती थपिन सक्ने देखिन्छ।

तथापि, नेपालको भौगोलिक अवस्था, वर्तमान निर्वाचनबाट 'केही गर्नुपर्छ' भन्ने युवा पुस्ताको जिम्मेवारीमा पुगेको राजनीतिक परिस्थिति, समग्र देशको सामाजिक संरचना र वैदेशिक रोजगारी तथा रेमिट्यान्सको कमीबाट भविष्यमा देखिन सक्ने प्रभाव समेतको आंकलन गर्दा यसलाई चुनौतीभन्दा समग्र देश विकासको अवसरका रूपमा उपयोग गर्न सकिने अवस्था पनि आएको छ।

तर, हाम्रा नयाँ राजनीतिक नेतृत्व र नीति निर्माताहरूले भने यसतर्फ बेलैमा ध्यान दिई भविष्यमा देखिन सक्ने नकारात्मक असरहरूलाई सकारात्मक ऊर्जाका रूपमा बदल्ने गरी सुरूबाटै कार्य आरम्भ गर्नु जरूरी छ। तसर्थ, आज यसै विषयमा केन्द्रित रहेर यहाँ छोटो चर्चा गर्ने जमर्को गरेको छु।

### वर्तमान अवस्था

योग्य युवा जनशक्ति आज पनि देशबाहिर वैदेशिक रोजगारमै छ। राम्रो र गुणस्तरीय शिक्षाका लागि तथा योग्यता र दक्षता अनुसारको उचित रोजगारीका लागि समेत दक्ष जनशक्ति विदेश पलायन भएको छ। कुल जनसंख्याको करिब १५ प्रतिशत योग्य र दक्ष जनशक्ति, अझ ग्रामीण क्षेत्रको ऊर्जाशील जनसंख्या देशबाहिर रहेकाले हाम्रा ग्रामीण क्षेत्रहरु अहिले प्रायः खाली छन् ।

स्वास्थ्य, शिक्षा र आन्तरिक रोजगारीको अवसर समेत राजधानी वा जिल्ला सदरमुकाममा मात्र केन्द्रित रहेकाले अन्य सुविधा र विकास निर्माण समेत केन्द्रीकरण हुन पुगेको छ। पछिल्लो चरणमा भएको यातायात र सञ्चार सुविधाको पहुँचले ग्रामीण क्षेत्र झन् खाली र निर्जन बनाएको छ। समाजमा कताकता नकारात्मकता र अनुशासनहीन जमातको बाहुल्य बढ्दो छ। काम गर्नेभन्दा गफ गरेर वा छलछाम र बदमासीबाट दाम कमाउन पल्केकाहरूको समाजमा मान–प्रतिष्ठा बढ्न थालेको छ।




खाडी मुलुकहरूमा इरानले गरेको आक्रमणबाट वैदेशिक रोजगारी र नेपालमा प्राप्त हुने रेमिट्यान्समा प्रभाव परिसकेको छ।

अझ आक्रमण–प्रत्याक्रमणको क्रम बढ्दै गएर समग्र खाडी क्षेत्रमा तनाव बढेमा त्यहाँ कार्यरत नेपाली कामदारहरु असुरक्षित भई बेरोजगार भएर नेपाल फर्कनुपर्ने अवस्था आउन सक्ने देखिएको छ। यसबाट नेपालको रोजगारीमा पर्ने प्रभाव र भविष्यमा देखिन सक्ने आर्थिक क्षति हाम्रो कल्पनाभन्दा पनि कठोर हुन सक्ने आकलन गर्न सकिन्छ।

अन्तर्राष्ट्रिय क्षेत्रमा समेत पेट्रोलियम पदार्थको उत्खनन र ढुवानीमा पर्ने प्रभावका कारण हुने मूल्यवृद्धि र यसका असरहरु अहिले नै हाम्रो मुलुकमा देखापर्न थालिसकेका छन्। यसबाट समग्र अर्थतन्त्रमा पर्ने नकारात्मक प्रभावलाई न्यून गरी हुन सक्ने क्षति कम गर्न समयमै सजग हुनुपर्ने भएको छ। यस सम्बन्धमा समयमै सचेत भई आवश्यक कदम नचाल्ने हो भने समग्र नेपालका उद्योगधन्दा, व्यापार–व्यवसाय, यातायात र सम्पूर्ण आर्थिक क्रियाकलापहरूमा समेत गम्भीर असर पर्न सक्छ।

यसैकारण आन्तरिक अर्थतन्त्र धराशायी भई वैदेशिक रोजगारीका अवसरमा समेत संकुचन आएको अवस्थामा, नेपालजस्तो भर्खरै आर्थिक वृद्धिको लय पक्रन थालेको नेपालीहरु धेरैजसो वैदेशिक रोजगारीमा जाने खाडी मुलुकहरूमा देखिएको युद्ध आतंकका कारण विश्वव्यापी रूपमा पेट्रोलियम पदार्थको आपूर्तिमा पर्ने असर र खाडी मुलुकको अर्थतन्त्रबाट विश्व अर्थतन्त्रमा पर्न सक्ने नकारात्मक प्रभावबाट नेपालको अर्थतन्त्रमा पर्ने असर पनि स्वतः स्पष्ट छ। यही कारण कैयौँ नेपाली बेरोजगार हुने र अर्थतन्त्रमा कति समस्याहरु थपिनेछन् भन्ने अनुमान गर्न नै गाह्रो छ।

अझ ठूलो आशा र भरोसाका साथ महत्वकाङ्क्षी भएर सुशासन र सुधारका लागि भएको आन्दोलन र अनुभवको केही कमी देखिएको युवा पुस्तालाई निर्वाचनका माध्यमबाट देशको बागडोर जिम्मा लगाएको वर्तमान सन्दर्भमा, सही समयमा सही व्यवस्थापन गर्न नसक्ने हो भने सुरूमै बढ्ने निराशाबाट आगामी सरकारको बाटो कम चुनौतीपूर्ण छैन।

पुरानो राज्य संयन्त्र र त्यसलाई आफ्नो स्वार्थमा प्रयोग गर्न खप्पिस छुट्टै 'छाया अर्थतन्त्र' का सञ्चालकहरूले आफ्नो स्वार्थका लागि पुरानै तरिकाले प्रयोग गर्न भरमग्दुर प्रयत्न गर्नेछन्। त्यसलाई समयमै पहिचान गर्न नसकी त्यसकै स्वार्थमा बहकिने हाम्रो समाज र यसको प्रवृत्तिको असर जो कोहीले सहजै अनुमान गर्न सक्छन्।

नेपालको अधिकांश उत्पादनशील र आन्तरिक रोजगारीको अवसर र वातावरणको कमी भएकैले समाजमा वैदेशिक रोजगारीप्रतिको आकर्षण र बाहुल्य बढेको हो। देशभित्रै रहेकाहरूमा पनि काम गर्नेभन्दा छलछाममा पल्केका गफाडी, घुमन्ते र दलाल प्रवृत्तिका कारण अव्यवस्थित सहरीकरणको बढोत्तरी भएको छ। रेमिट्यान्स आम्दानीका कारण ग्रामीण क्षेत्रबाट सहरमा अव्यवस्थित बसाइँसराइ बढेको छ र ग्रामीण क्षेत्रका खेतीयोग्य जमिन समेत मासिँदै वनबुट्यान र मरूभूमीकरणतर्फ उन्मुख भएका छन्।

विधि, प्रविधि र वातावरणको अभाव भएको भन्दै समाज र राज्यप्रति चाहिनेभन्दा बढी सिर्जना भएको अविश्वास र नकारात्मक भाष्य आदि कारणले नै नेपालको अर्थतन्त्रमा प्रभाव पार्ने गरी आन्तरिक उत्पादनभन्दा उपभोगमा वृद्धि हुँदै गएको छ। आयात क्रमशः बढ्दै जाने तर आन्तरिक उत्पादन र निर्यात भने अपेक्षित रूपमा बढ्न नसकेको देखिन्छ ।

### आगामी दिनमा देखिने खाडी युद्धका असर र प्रभावहरु

खाडी मुलुकमा अहिले देखिएको तनावबाट विश्वव्यापी रूपमा सबैभन्दा बढी असर पर्ने विषय पेट्रोलियम आपूर्तिमा समस्या, महँगी, आर्थिक मन्दी र पर्यटन उद्योगमा देखिने समस्या हो। पेट्रोलियम

बाँकी तेश्रो पेजमा

## तपाईंको आज

| मेष | वृष | मिथुन |
| --- | --- | --- |
| फाइदा सामान्य भए पनि तारिफयोग्य काम थाल्नी हुनेछ। धर्मकर्म तथा परोपकारमा प्रवृत्त भइएला। | व्यापार–व्यवसाय विस्तार गर्ने समय छ। आफ्नो क्षेत्रमा राम्रै प्रभाव जमाउन सकिनेछ। सामाजिक दायित्व बढ्नेछ। | सहयोगीहरुले हिम्मत दिलाउनेछन्। चिताएको काम छिटै सम्पादन हुनेछ। शरीरमा कमजोरी अनुभूति हुनेछ। |

| कर्कट | सिंह | कन्या |
| --- | --- | --- |
| स्वास्थ्यका लागि आहार विहारमा सजग रहनुहोला। लगनशील बन्दाबन्दै पनि काममा पछि परिनेछ। | चुनौतीभित्र अवसर खोज्ने समय छ। नतिजा कमजोर देखिनाले काम दोहोर्‍याउनुपर्ने हुनसक्छ। | मिहिनेतले पहिलेका कमजोरी सच्याउन सकिनेछ। प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ। |

| तुला | वृश्चिक | धनु |
| --- | --- | --- |
| घुमफिर तथा मनोरञ्जनको समय छ। प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ। भौतिक साधन जुट्नेछन्। | पेसा–व्यवसायमा लाभ हुनेछ। आम्दानी बढ्ने काम प्रारम्भ हुनेछ। दिगो काम थाल्न सकिनेछ। | रोकिएका काम बन्नाले उत्साह जाग्नेछ। आफ्नै प्रयासले अधिकार स्थापित गर्न सकिनेछ। |

| मकर | कुम्भ | मीन |
| --- | --- | --- |
| व्यापारलगायत आर्थिक लाभ हुने काममा फाइदा हुनेछ। प्रयत्न गर्दा सजिलै लक्ष्य प्राप्त हुनेछ। | विभिन्न उपहार प्राप्त हुने समय छ। सहयोगीहरूले राम्रो साथ दिनेछन्। व्यवसायको सन्दर्भमा रमाइलो यात्रा हुन सक्छ। | मिहिनेत गर्दा विशेष अवसर प्राप्त हुनेछ। लक्ष्यअनुसार समयमै काम सम्पादन हुनेछ। व्यापारमा फाइदा हुनेछ। |

रजिष्टर्ड नं. ४३५/०६३/०६४

## भिमाद बचत तथा ऋण सहकारी संस्था लिमिटेड
## BHIMAD SAVING & CREDIT CO-OPERTAIVE SOCIETY LTD.

भिमाद न.पा.-६, रत्नचोक, तनहुँ
फोन नं.: ०६५-५७२०४५, ५७२१४४

आवद्धता नेफस्कून

## कर्जाको दायित्व हिसाव भुक्तान गरी लिलाम भएको जग्गा फिर्ता लैजाने सम्वन्धी पैतिस (३५) दिने अत्यन्त जरूरी सुचना

**सूचना प्रकाशन मिति : २०८२/११/२६**

उपरोक्त सम्बन्धमा तपाई तपशिलका ऋणी सदस्यहरूले यस भिमाद बचत तथा ऋण सहकारी संस्था लि. भिमाद न.पा.-६ बाट विभिन्न मितिमा विभिन्न शिर्षकमा लिनुभएको कर्जाको साँवा तथा ब्याज भुक्तानीको लागि यस संस्थाबाट पटक पटक ताकेता गर्दा समेत भुक्तानी नगर्नु भएको हुनाले तपाईले कर्जा लिदा बखत यस संस्थालाई धितो सुरक्षण बापत दिनु भएको तपशिल अनुसारको जग्गा यस सहकारी संस्थाले लिलामी प्रक्रिया पुरा गरी संस्थाले आफ्नो नाऊमा सकार गरिसकेको र हाल उक्त कर्जाको संस्थाले तोके बमोजिमको साँवा तथा ब्याज वापतको दायित्व रकम यो सूचना प्रकाशित भएको मितिबाट ३५ दिन भित्र यस संस्थामा उपस्थित भई बुझाउनु भएमा उक्त लिलामी भएका जग्गाहरू सम्वन्धित जग्गा धनीहरूकै नाममा फिर्ता गरिने व्यहोरा जानकारी गराईन्छ ।

**तपशिल:**

| क्र स. | ऋणी सदस्यको नाम | ठेगाना | ना.प्र.पत्र नं. | जग्गाको विवरण |
|---|---|---|---|---|
| १ | लक्ष्मी कुमारी श्रेष्ठ | भिमाद न.पा-७, तनहुँ | ३३४१३, तनहुँ | अरूणोदय ६ कित्ता नं. ११ |
| २ | दाल कुमारी थापा आले | साविक भिमाद ९, हाल भिमाद न.पा-६ तनहुँ | ३०२१३, तनहुँ | भिमाद १/ख कित्ता नं. २५६९ |
| ३ | गिता खनाल आचार्य | हाल भिमाद न.पा ४,तनहुँ | ६७४०७, तनहुँ | छाङ् ८/क कित्ता नं. ३८५ |
| ४ | कौशि कुमाल भन्ने दुमा कुमारी थापा | घिरिङ्ग गा.पा.२, तनहुँ | ४२४, तनहुँ | सुन्धारा १/क कित्ता नं. ४११, १६१, ४१२, १/ग ९ |
| ५ | प्रेम बहादुर वि.क | म्याग्दे गा.पा ५, तनहुँ | ४३१०३४/९९६ ५३, तनहुँ | छाङ् ९/घ कित्ता नं. ५३९ |

तसर्थ, तपाईहरूले संस्थालाई बुझाउनु पर्ने दायित्व रकम पत्रमा उल्लेख गरी हुलाक मार्फत पत्रचार समेत भईसकेको हुनाले उल्लिखित समय सिमा भित्र आफुले संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण रकम भुक्तानी गरी आफ्नो लिलाम भएका जग्गाहरू फिर्ता लिनु हुन अनुरोध छ । अन्यथा, सो समय भित्र भुक्तानी गर्न नआएको खण्डमा संस्थाले सम्पूर्ण कानुनी प्रक्रिया पुरा गरी गैर वित्तीय सम्पत्ती लिलाम बिक्री गरिने र प्रचलित कानुन बमोजिम हुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।



## विशेषज्ञ चिकित्सकहरूद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

**चैत ०६ गते शुक्रबार**

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।
२) काठमाडौं वीर अस्पतालका वरिष्ठ न्युरो सर्जन तथा नशा रोग विशेषज्ञ **डा. ध्रुवराज अधिकारी**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी नि:शुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**चैत्र ०७ गते शनिबार**

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।
२) पोखराका वरिष्ठ रेडियोलोजिष्ठ **डा. कृष्ण तिमिल्सेना**द्वारा भिडियो एक्स-रे सेवा उपलब्ध ।
३) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।*

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

## मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

व्यास-२, अमरसिंह मार्ग, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२


# निर्वाचन, खाडी युद्ध र ..........

उत्पादक मुलुकहरूबीचको द्वन्द्वका कारण यसको उत्पादन र उत्खननमा समस्या आउने र ढुवानी मार्ग महँगो हुनाले महँगी बढ्ने देखिन्छ। खाडी मुलुकमा हुने विनाश र असरका कारण आउने मन्दीले विश्वव्यापी रूपमा मानिसहरूको चहलपहल र घुमघाम रोकिन सक्छ। यसबाट नेपालका होटल, ट्रेकिङ र ट्राभल्स जस्ता पर्यटन व्यवसायमा असर पर्न सक्छ।

अहिले नै हवाई यातायातमा देखिएको समस्याका कारण विदेशी नागरिक वा पर्यटकलाई देशभित्र आउन समस्या पर्न थालिसकेको छ। जसबाट पर्यटक परिचालन र हवाई सेवा तथा समग्र यातायात क्षेत्रमा पर्ने असर स्वत: स्पष्ट छ।

विश्वव्यापी रूपमा यो युद्ध अझ लम्बिँदै गएमा धेरै औद्योगिक धरोहर तथा व्यापार-व्यवसाय तथा कलकारखानाहरु समेत बन्द हुने भएकाले उत्पादन तथा आपूर्ति शृत्त्लामै असर पर्न सक्छ। धेरै उद्योग-व्यवसायहरु टाट पल्टिने वा बन्द हुने अवस्थामा पुग्न सक्छन्। सञ्चालनमा रहेकाहरूले पनि उत्पादन कम गर्ने वा कर्मचारी कटौती गर्ने अभियान चलाउनु बाध्यता हुनेछ। यस्ता उद्योग-व्यवसायहरु पुन: पुरानै स्वरूपमा फर्कन लामो समय लाग्ने कुरा स्पष्ट छ। यसरी संसारभर औद्योगिक उत्पादन र सेवा घट्ने हुनाले विशेष गरी खाडी मुलुकमा बेरोजगारी दर उच्च रूपमा बढ्ने देखिन्छ।

करिब १५ प्रतिशत जनशक्ति वैदेशिक रोजगारीमा रहेको र उनीहरूको आर्जन वा रेमिट्यान्सका भरमा उपभोगमुखी संस्कृति हुर्काइरहेका हामीहरूको अवस्था के होला? सजिलै आकलन गर्न सकिन्छ। नेपालमा हाल आयात र उपभोगमुखी अर्थतन्त्र फैलिँदै गएको छ भने ग्रामीण उर्वराशील जमिनहरु बाँझो बन्दै गएका छन्। सहर छेउछाउका उत्पादनशील जमिनमा कङ्क्रिटका भवनहरु ठडिँदै गएका छन्।

यस्तो समयमा वैदेशिक रोजगारीमा रहेका नेपालीको रोजगारी गुमेर विप्रेषण आय एकैचोटी बन्द भयो भने उपभोगका लागि चाहिने मालवस्तुको आयातका लागि समेत विदेशी मुद्राको अभाव भई समग्र देश वैदेशिक ऋणको दलदलमा भासिन सक्छ। आन्तरिक उत्पादन र रोजगारीको अभावमा बचतकर्ताले रकम निकाल्ने र ऋणीले बैंक वा सहकारीको ऋण तिर्न नसक्दा वित्तीय क्षेत्रमा समेत गम्भीर संकट आउन सक्छ।

**खाडी युद्धबाट नेपालको अर्थतन्त्रमा सिर्जना हुने अवसरहरु**

हरेक संकटले नयाँ सम्भावनाको आविष्कार गर्छ भनेजस्तै, यो विश्वव्यापी द्वन्द्वले नेपालको अर्थतन्त्रमा संकटसँगै अवसरहरु पनि सिर्जना गरेको छ। विगतका गल्तीको समीक्षा गरेर आगामी यात्रा तय गर्न सकेमा आर्थिक विकासका लागि हाम्रा सामु व्यापक अवसरहरु छन्। देशमा भर्खरै सम्पन्न निर्वाचन र त्यसको परिणामबाट देश-विदेशमा सुशासन, शान्ति र स्थिरताको सन्देश प्रवाह भएको छ। आगामी दिनमा युवा पुस्ताले राज्य सञ्चालनको अवसर पाएकाले देशभित्रै केही अवसर सिर्जना हुन सक्ने आशा जागेको छ।

आवश्यक शान्ति-सुरक्षा, कानुनको शासन र सुशासनको व्यवस्थापन गरी विश्वासको वातावरण सिर्जना गर्न सकेमा वैदेशिक रोजगारीमा रहेको दक्ष जनशक्ति अब देश फर्कन सक्छ। गुणस्तरीय शिक्षाका लागि विदेशिएको समुदायलाई यहाँ नै व्यावसायिक र गुणस्तरीय शिक्षाको विश्वास दिलाउन सकेमा उनीहरु पक्कै फर्कनेछन्। विदेशमा रहेका र नेपाल आउन चाहने जनशक्तिलाई आकर्षण गर्ने र आएपछि उपयुक्त शिक्षा, स्वास्थ्य र रोजगारीको अवसर सिर्जना गरी नेपालमै बस्ने वातावरण बनाउनु अहिलेको पहिलो आवश्यकता हो।

नेपालमा सबैभन्दा बढी जनसंख्या निर्भर रहेको कृषि र पशुपालनलाई मुख्य प्राथमिकतामा राखेर आत्मनिर्भर र व्यावसायिक बनाउनु अति जरूरी छ। गाउँगाउँमा रहेका बाँझो जमिनलाई उर्वराशील खेतियोग्य जमिनमा परिवर्तन गर्न सकिन्छ। भिरपाखामा चरन क्षेत्र विकास गरी पशुपालनलाई व्यावसायिक बनाउन सकिन्छ।

बुट्यान र पखेराहरूलाई फलफूलको जङ्गलका रूपमा रूपान्तरण गर्न सकिन्छ। कृषिको आधुनिकीकरण गरी उत्पादन, प्रशोधन र बजारीकरणमार्फत यसलाई औद्योगिकीकरण गर्ने पर्याप्त सम्भावना हामीसँग छ। यसका लागि किसानको सीप विकास गरी नयाँ प्रविधि र व्यवस्थापनका लागि सङ्घीय तथा स्थानीय सरकारसँग समन्वय र सहकार्य गर्नु जरूरी छ। कृषि र पशुपालन व्यवसायलाई मर्यादित बनाई संलग्न जनशक्तिलाई सम्मान र प्रोत्साहन मिल्ने वातावरण बनाउन सकेमा यो चुनौतीलाई अवसरका रूपमा बदल्न सकिन्छ।

**अन्त्यमा,** युद्ध आफैँमा सबैका लागि दुर्भाग्य हो। यसले पुर्‍याउने मानवीय तथा आर्थिक क्षतिलाई सामान्य रूपमा आँक्न मिल्दैन। अझ यसको अन्त्य कहिले र कसरी हुने हो, अनुमान समेत गर्न सकिएको छैन। नेपालजस्तो रेमिट्यान्सका भरमा आर्थिक लय समात्दै गरेको मुलुकका लागि यसले पुर्‍याउने असरहरु अकल्पनीय छन्। तथापि, भर्खरै सम्पन्न निर्वाचनको परिणामबाट शान्ति-सुरक्षा र सुशासनमा देखिएको आशालाई सकारात्मक रूपमा लिन सकिन्छ।

हरेक संकटले सम्भावनाको ढोका पनि खोल्छ भन्ने मान्यताबाट हेर्दा दीर्घकालीन रूपमा समग्र नेपालको आर्थिक विकासको अवसर सिर्जना भएको छ। नयाँ निर्वाचनबाट म्यान्डेट प्राप्त सरकारले उचित नीति निर्माण गरी विदेशमा रहेका नेपालीहरूलाई स्वदेश फर्कने र यहाँका दक्ष जनशक्तिलाई नेपालमै काम गर्ने वातावरण बनाउनु नै अबको मुख्य आवश्यकता हो। यसतर्फ समयमै सम्बन्धित सबैको ध्यान जानु जरूरी छ । नेपालप्रेसबाट


**Bandipur Rural Municipality**
**Office of the Rural Municipal Executive**

## Bandipur Hospital

Bandipur-4, Tanahun, Gandaki Province, Nepal

## Letter of Acceptance

**(First Date of Publication: 10th March, 2026)**

This is to notify all concerned bidders for acceptance of various contract on www.bolpatra.gov.np/egp. as mentioned below of Bandipur Hospital, Bandipur Rural Municipality:04, Tanahun. All concerned are hereby instructed to contact this office to sign the formal contract agreement **within 15 days** with Performance Security of **NRs.2,50,000/-** for **Contract ID: BH/NCB/MEDS/02/2082-83** and **NRs.1,75,000/-** for **Contract ID: BH/NCB/LABCHEMSURGICALS/03/2082-83** valid up to **2085/12/30 BS (13th April, 2029 AD)** consisting of a Bank Guarantee in the format included in Contract Forms of Bidding Document. The Employer shall forfeit the bid security, in case you fail to furnish the Performance Security and to sign the contract within specified period. This notice is published as per Public Procurement Act, 2063' sub-clauses 27.3 & 27.5.

**Contract ID:** BH/NCB/MEDS/02/2082-83, **Issued on:** 12th Jan, 2026

**Contract Name:** The Procurement of Medicine for Bandipur Hospital 2082-83

| S.N. | Substantially Responsive Lowest Evaluated Bidders | Address | No of Items applied by bidders | No of items selected | Remarks |
|---|---|---|---|---|---|
| 1. | Himsagar Medical Hall Pvt. Ltd. | Pokhara | 392 | 31 | Performance Security of NRs.2,50,000/- from each Bidders. |
| 2. | Sambuddha Medico Pvt. Ltd. | Bharatpur | 297 | 18 | |
| 3. | Pearl Meditech Pvt. Ltd. | Bharatpur | 430 | 122 | |
| 4. | Dhurba Tara Medilink Pvt. Ltd. | Pokhara | 660 | 280 | |
| 5. | Shreenath Medicine Distributors | Bharatpur | 105 | 18 | |
| 6. | Aagantuk Pharmacy | Bharatpur | 84 | 36 | |

Note: One item has been corrected in medicine list than that of LOI.

**Contract ID:** BH/NCB/LABCHEMSURGICALS/03/2082-83, **Issued on:** 12th Jan, 2026

**Contract Name:** The Procurement of Lab chemical and related, Different Surgicals And Dental surgicals for Bandipur Hospital 2082-83

| S.N. | Substantially Responsive Lowest Evaluated Bidders | Address | No of Items applied by bidders | No of items selected | Remarks |
|---|---|---|---|---|---|
| **For Anusuchi 1: Lab Chemicals and Related** | | | | | |
| 1. | Techno Biomed Pvt. Ltd. | Kathmandu | 1 | 1 | Performance Security of NRs.1,75,000/- from each Bidders. |
| 2. | Medplus Pharma Distributors | Bharatpur | 26 | 14 | |
| 3. | Aagantuk Pharmacy | Bharatpur | 37 | 25 | |
| **For Anusuchi 2: Different Surgicals** | | | | | |
| 1. | Medplus Pharma Distributors | Bharatpur | 98 | 10 | |
| 2. | Aagantuk Pharmacy | Bharatpur | 173 | 158 | |
| **For Anusuchi 3: Dental Surgicals** | | | | | |
| 1. | Medplus Pharma Distributors | Bharatpur | 116 | 97 | |

For more info, please contact Bandipur Hospital Administration, Bandipur:04, Tanahun or contact on the official numbers provided on Bid Documents.

**Medical Superintendent (9856063331)**

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मिति: २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९
२०८२ फागुन २६, मंगलबार
March 10, 2026

# नीतिबाट राजनीतिसम्म : डा स्वर्णिम वाग्लेको यात्रा

भञ्ज्याङ समाचारदाता/दमौली

नेपालको सार्वजनिक नीति र अर्थतन्त्रका बहसमा लामो समयदेखि परिचित नाम हो, डा स्वर्णिम वाग्ले। अर्थशास्त्री, नीतिगत विज्ञ र योजनाविद्का रूपमा पहिचान बनाउनुभएका डा वाग्ले पछिल्ला वर्षमा सक्रिय राजनीतिमा प्रवेश गर्दै अहिले तनहुँ क्षेत्र नं १ बाट दोस्रो कार्यकालका लागि निर्वाचित भएका छन्।

डा वाग्ले ३८ हजार ४० मतसहित विजयी भए। गत उपनिर्वाचनमा उहाँ यही क्षेत्रबाट ३४ हजार ९११ मतसहित विजयी भएका छन्। गोरखा जिल्लामा जन्मिएका वाग्ले सामान्य परिवेशमा हुर्किए। बाल्यकालदेखि नै अध्ययनमा रूचि राख्ने उनि उच्च शिक्षाका लागि विदेश पुगे अर्थशास्त्रमा गहिरो अध्ययन गर्दै उनले 'पिएचडी' पूरा गरे ।

अध्ययनका क्रममा उनले विकास अर्थशास्त्र, सार्वजनिक नीति र आर्थिक सुधारका विषयमा विशेष अनुसन्धान गरेका थिए । यही अध्ययनले उनलाई अन्तर्राष्ट्रियस्तरका नीति बहसमा सहभागी गरायो ।



उच्च शिक्षापछि डा वाग्लेले विभिन्न अन्तर्राष्ट्रिय संस्थामा काम गरे । विशेषगरी संयुक्त राष्ट्रसंघसँग आबद्ध कार्यक्रममा उनले विकास, गरिबी न्यूनीकरण र आर्थिक नीतिका विषयमा काम गरे ।

स्वदेश फर्किएपछि उनले राष्ट्रिय योजना आयोगको उपाध्यक्षको जिम्मेवारी सम्हालेका थिए । त्यहाँ रहँदा देशको दीर्घकालीन विकास योजना, आर्थिक नीति सुधार र सुशासनका विषयमा महत्त्वपूर्ण योगदान दिएका थिए ।

लामो समय नीतिगत क्षेत्रमा काम गरेपछि डा वाग्लेले नीति मात्र बनाउने होइन, त्यसलाई कार्यान्वयन गर्ने राजनीतिक नेतृत्व पनि आवश्यक रहेको महसुस गरे। यही सोचका साथ उनी रास्वपामार्फत राजनीतिमा प्रवेश गरेका थिए । उनको राजनीतिमा प्रवेशलाई धेरैले 'प्राविधिक नेतृत्वबाट राजनीतिक नेतृत्वतर्फको यात्रा' का रूपमा हेरेका छन् ।

तनहुँ क्षेत्र नं १ बाट निर्वाचन लड्दा उनले विकास, सुशासन, रोजगारी र आर्थिक सुधारका विषयलाई मुख्य 'एजेन्डा' बताए । मतदातासँग प्रत्यक्ष संवाद गर्दै उनले नयाँ सोच र परिणाममुखी राजनीतिका कुरा व्यक्त गरे ।

डा वाग्ले आज नेपाली राजनीतिमा 'नीतिगत क्षमता भएको नेतृत्व'का रूपमा चिनिन्छन्। अर्थतन्त्र र विकास नीतिमा उनको अनुभवले संसद्मा फरक आवाज थप्ने अपेक्षा गरिएको छ ।

# पैतीस वर्षमुनिका ...........

५१३ मत ल्याउँदा उहाँका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका उम्मेदवार डा शेखर कोइरालाले १२ हजार ८५० मत ल्याउनुभएको थियो ।

यसैगरी, राष्ट्रिय स्वतन्त्र पार्टीबाट काभ्रेपलाञ्चोक निर्वाचन क्षेत्र नम्बर २ मा प्रतिनिधिसभा सदस्यको चुनावमा बदनकुमार भण्डारी विजयी हुनुभएको छ । भुम्लु गाउँपालिका-२ मा जन्मिनुभएका बदनले ५३ हजार ३४४ मतसहित विजयी हुनुभएको हो । उहाँका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका उम्मेदवार मधुप्रसाद आचार्यले १७ हजार ८६८ मत ल्याउनुभएको थियो । भण्डारी ई-कमर्स व्यवसायी तथा मिडियाकर्मी समेत हुनुहुन्छ । ३३ वर्षीय भण्डारीले स्नातक (बिए) उत्तीर्ण गर्नुभएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का तर्फबाट झापा क्षेत्र नम्बर १ बाट निर्वाचित २९ वर्षीय निशा डाँगी पनि कलिलो उमेरमा नै सांसद बन्नुभयो । उहाँ २०७९ को प्रतिनिधिसभा सदस्यमा समानुपातिकबाट सांसद बन्नुभएको थियो । डाँगीले यसपटक प्रत्यक्षतर्फको उम्मेदवार बन्ने अवसर पाउनुभयो । उहाँले ४५ हजार ६८० मतसहित विजय हासिल गर्नुभयो । डाँगीको निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका उम्मेदवार केशवराज पाण्डेले १० हजार ५५० मत ल्याउनुभएको थियो।

विसं २०५३ मा झापाको भद्रपुर नगरपालिकामा जन्मिनुभएकी डाँगीले काठमाडौँको जया मल्टिपल क्याम्पसबाट सामाजिक कार्यमा स्नातक र त्रिभुवन विश्वविद्यालयबाट पत्रकारितामा स्नातकोत्तर गर्नुभएको छ । २६ वर्षीय मनीष खनाल पनि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का तर्फबाट नवलपुर क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनुभएको छ । उहाँले ४१ हजार ३४७ मतसहित विजयी हुनुभएको हो । उहाँको निकटतम प्रतिस्पर्धी एमालेका उम्मेदवार तिलबहादुर महत क्षेत्रीले १५ हजार ७५५ मत ल्याएर उपविजेता हुनुभएको थियो। मध्यविन्दु नगरपालिका-६ निवासी खनाल विसं २०५६ असार ११ गते जन्मनुभएको हो । उहाँले नेपाल ल क्याम्पसबाट कानुन विषयमा स्नातक अध्ययन गर्नुभएको हो ।

२८ वर्षीय बब्लु गुप्ता पनि निर्वाचित हुनुभएको छ । उहाँले सिरहा निर्वाचन क्षेत्र नम्बर १ बाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का तर्फबाट प्रतिनिधिसभा सदस्यमा विजय हासिल गर्नुभएको हो । सामाजिक सेवामा सक्रिय गुप्ताले स्नातकसम्मको अध्ययन पूरा गर्नुभएको छ । उहाँले ४१ हजार ३२२ मतसहित विजय हासिल गर्नुभएको हो । उहाँका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका रामसुन्दर चौधरीले नौ हजार ७७४ मत ल्याउनुभएको थियो ।

रास्वपाबाटै ३५ वर्षमुनिका निर्वाचित उम्मेदवारमध्ये अर्को नाम हो सन्तोष राजवंशी । ३४ वर्षीय राजवंशी मोरङ-४ बाट विजयी हुनुभएको हो । सिराहा-२ बाट रास्वपाकै ३० वर्षीया शिवशङ्कर यादव पनि निर्वाचित हुनुभएको छ । रास्वपाबाटै ३३ वर्षीय तपेश्वर यादव पनि सिरहा निर्वाचन क्षेत्र नम्बर ४ बाट निर्वाचित भइसक्नुभएको छ । रास्वपाबाटै महोत्तरी-२ मा ३४ वर्षीय दीपककुमार साह निर्वाचित हुनुभएको छ । महोत्तरी-३ बाट ३३ वर्षीय उज्ज्वलकुमार झा निर्वाचित हुनुभएको छ ।

काठमाडौँ-५ बाट राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार २९ वर्षीय सस्मित पोखरेल निर्वाचित हुनुभएको छ। २०५२ फागुन १ गते काठमाडौँमा जन्मिनुभएका पोखरेलले कानुनमा स्नातक गर्नुभएको छ । उहाँ रास्वपाका केन्द्रीय सदस्य तथा सहप्रवक्ता हुनुहुन्छ । काठमाडौँ महानगरपालिका कार्यालयमा सह-विशेषज्ञ भएर काम गर्नुभएका पोखरेलको महानगरका सेवा-प्रवाह, कार्यक्रम/परियोजना कार्यान्वयन र नतिजा निकाल्ने कार्यान्वयन क्षमता छ। उहाँले काठमाडौँ महानगरपालिकाका नगर प्रमुख बालेन्द्र शाहका सल्लाहकार भएर काम गरिसक्नुभएको छ ।

पोखरेलले सांसद कार्यालयमा प्रमुख सहायक भएर काम गरिसक्नुभएको छ। उहाँमा नीति/अनुसन्धान, जनगुनासा व्यवस्थापन, टोली परिचालन र समन्वयमार्फत काम टुङ्ग्याउने कार्यालय व्यवस्थापन नेतृत्व छ । मकवानपुर-२ मा राष्ट्रिय स्वतन्त्र पार्टीका २५ वर्षीय प्रशान्त उप्रेतीले चुनाव जित्नुभएको छ। २०५७ सालमा मकवानपुरमा जन्मिएका उप्रेती पेसाले पर्यटन उद्यमी हुनुहुन्छ। उहाँले पर्यटन व्यवस्थापनमा स्नातक गर्नुभएको छ ।

निर्वाचित हुने अर्का ३४ वर्षीय उम्मेदवारको अर्को नाम हो सागर ढकाल । रास्वपाकै तर्फबाट गुल्मी-१ बाट उहाँ निर्वाचित हुनुभएको छ। गुल्मीको सत्यवती गाउँपालिका-६, पीपलनेटा स्थायी ठेगना भएको ढकाल पेसाले इन्जिनियर हुनुहुन्छ। पैंतीस वर्षमुनिको अर्का सांसद हुनुहुन्छ, प्युठान-१ बाट निर्वाचित ३१ वर्षीय सुशान्त वैदिक। काठमाडौँ-१ बाट निर्वाचित र ३५ वर्षमुनिका अर्को चर्चित नाम हो, रञ्जु न्यौपाने (दर्शना) । वैकल्पिक राजनीतिका रूपमा उदाउनुभएकी ३० वर्षीया रञ्जुले स्नातक तहसम्मको अध्ययन गर्नुभएको छ।

रास्वपाकै अर्का निर्वाचित सांसद हुनुहुन्छ, ३४ वर्षीय सोम शर्मा । उहाँ बाग्लुङ-२ बाट निर्वाचित हुनुभएको हो । रास्वपाकै तर्फबाट स्याङ्जा-२ का उम्मेदवार झविलाल डुम्रेले २५ हजार ३५४ मत ल्याएर विजयी हुनुभएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीबाटै सप्तरी-२ का उम्मेदवार ३० वर्षीय रामजी यादव २८ हजार ४०४ मत ल्याएर विजयी हुनुभएको छ ।

कैलाली-२ का रास्वपा उम्मेदवार केपी खनालले १९ हजार ५७ मत ल्याएर विजयी हुनुभएको छ । २६ वर्षीय खनालले १३ वर्षदेखि सामाजिक अभियानमा सक्रिय, 'क्लिन काष्ठमण्डप' र 'काठमाडौँ ट्र्यास कलेक्सन' जस्ता देशव्यापी सरसफाइ अभियानको नेतृत्व समेत गर्नुभएको छ । 'मैना देवी फाउन्डेसन' मार्फत बाजुरामा अनाथालय स्थापना, कोरोनाकालमा २०० भन्दा बढी गरिब परिवारलाई सहयोग तथा 'भोकै छ हुम्ला' जस्ता मानवीय अभियानको नेतृत्व लिनुभएको थियो । राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट सिराहा-४ बाट ३३ वर्षीय तपेश्वर यादव निर्वाचित हुनुभएको छ । महोत्तरी-३ बाट ३३ वर्षीय उज्ज्वलकुमार झा निर्वाचित हुनुभएको छ । यसैगरी, प्यूठान-१ उम्मेदवार ३१ वर्षीय सुशान्त वैदिक निर्वाचित हुनुभएको छ। नेपाली कांग्रेसबाट भने ३२ वर्षीय योगेश गौचन थकाली मुस्ताङ-१ बाट निर्वाचित हुनुभएको छ। यसैगरी, जुम्ला-१ बाट राष्ट्रिय प्रजातन्त्र पार्टीबाट ३४ वर्षीय ज्ञानबहादुर शाही निर्वाचित हुनुभएको छ। श्रम संस्कृति पार्टीबाट २९ वर्षीय आरेन राई खोटाङ-१ बाट निर्वाचित हुनुभएको छ । रासस

पत्रिका नआइपुगे, ग्राहक बन्नु परेमा तथा विज्ञापन प्रकाशित गर्नु परेमा ।
सम्पर्क : ०६५-५६३९०७
www.bhanjyangnews.com
E-mail : bhanjyangdml@gmail.com, newsbhanjyang@gmail.com

## facebook twitter



**Vijay Kumar Panday**
x.com/Vijaykumarko

आफूसँग हारेका विमलेन्द्र निधिको चरण स्पर्श गरेर अनि सबै पुराना नेताहरूलाई स्मरण गरेर रास्वपाका मनिष झाले मेरा नजरमा आफूलाई समकालीन राजनीतिमा धेरै अग्लो व्यक्तित्व बनाए । जीवन गोधूलीको साँझमा एउटा निर्वाचन हार्दैमा, विमलेन्द्र निधिलाई मनिष झाले आफ्नो जवानीका ती कठोर वर्षहरूका निम्ति आत्मग्लानि हुन दिएनन्, जुन वर्षहरु निधिले प्रजातन्त्रको पुनर्स्थापनाका लागि त्याग गरेका थिए ।



**Muma Ram Khanal**
X.com/MumaRamKhanal

हुनत मलाई आरम्भमा लागेको थियो- सुहाङ नेम्वाङ केवल शुभाष नेम्वाङका छोरा मात्र हुन्। तर सबै कोणबाट उनले एमालेको पुरै साख जोगाए। यदि केपी ओलीले अन्तिम 'राजनीतिक पाप'को प्रायश्चित गर्ने हो भने एमाले संसदीय दलको नेता सुहाङ नेम्वाङलाई बनाउन्।

# तनहुँ समाज हङकङको अध्यक्षमा नयाँकार्यसमिति चयन

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँ मूल घर भई विभिन्न पेशा तथा व्यवसायका सिलसिलामा हङकङमा बसोबास गर्दै आएका नेपालीहरूको साझा संस्था तनहुँ समाज हङकङको नवौं अधिवेशन सम्पन्न भएको छ। अधिवेशनले कर्णबहादुर नेपालीको अध्यक्षतामा २५ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत रूपमा चयन गरेको हो।

नवनिर्वाचित कार्यसमितिको वरिष्ठ उपाध्यक्षमा रोशन (रूम) गुरूङ, उपाध्यक्षमा सुबित गुरूङ,




सचिवमा हेम थापा, सह-सचिवमा मदन थापा, कोषाध्यक्षमा कुश थापा, सह-कोषाध्यक्षमा नरेन राना तथा प्रवक्तामा बिपिन थापा चयन भएका छन्।

त्यसैगरी सदस्यहरूमा रूद्र गुरूङ, भोज आले, कुमार गुरूङ, नबिन थापा, हरि थापा, होम आले, विष्णु थापा, सागर गुरूङ, नरेश आले, खेम गुरूङ, रूपेशराज राना, चित्र गुरूङ, रमेश सारू मगर, मनबहादुर गुरूङ, होमराज गुरूङ, अमित गुरूङ र लक्ष्मण राना चयन भएका छन्।

अधिवेशनअन्तर्गत आयोजित औपचारिक कार्यक्रम तेज गुरूङको अध्यक्षतामा सम्पन्न भएको थियो। कार्यक्रममा समाजका निवर्तमान अध्यक्ष प्रेम गुरूङ प्रमुख अतिथिका रूपमा सहभागी भएका थिए भने सल्लाहकारहरु भिम (केतार) गुरूङ, श्यामसुन्दर थापा र गोबिन राना अतिथिका रूपमा उपस्थित थिए।

कार्यक्रममा वरिष्ठ उपाध्यक्ष रोशन गुरूङले स्वागत मन्तव्य व्यक्त गरेका थिए। वक्ताहरूले प्रवासमा रहेका तनहुँबासीहरूबीच आपसी एकता, सहकार्य र सामाजिक गतिविधिलाई अझ सशक्त बनाउन नयाँ कार्यसमितिले महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरेका थिए।

नवनिर्वाचित अध्यक्ष कर्णबहादुर नेपालीले आफूलाई दिएको विश्वासप्रति आभार व्यक्त गर्दै हङकङमा रहेका तनहुँबासीहरूबीच एकता र सहकार्यलाई अझ मजबुत बनाउँदै समाजको उद्देश्यअनुसार सक्रिय रूपमा काम गर्ने प्रतिबद्धता जनाए।

तनहुँ समाज हङकङ करिब २५ वर्षअघि स्थापना भएको संस्था हो। प्रवासमा रहेका तनहुँवासीबीच आपसी सहयोग र सहकार्यको भावना अभिवृद्धि गर्ने उद्देश्यले स्थापित यस संस्थाले विगत १५ वर्षदेखि तनहुँ जिल्लाका विभिन्न स्थानमा सामाजिक सेवा गर्दै आएको छ।

समाजले विभिन्न रोगबाट पीडित व्यक्तिहरूलाई आर्थिक सहयोग प्रदान गर्नुका साथै जिल्लाको शिक्षा, स्वास्थ्य, खानेपानी तथा सञ्चारसम्बन्धी पूर्वाधार विकासमा सहयोग पुर्‍याउँदै आएको छ। साथै विभिन्न दैवी प्रकोपका बेला पीडितलाई राहत तथा सहयोग उपलब्ध पनि गराउँदै आएको छ ।

भञ्ज्याङ दैनिक पत्रिका नआएमा
फोन : ०६५-५६३९०७ मा सम्पर्क गर्नुहोला ।
Email : bhanjyangdml@gmail.com

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । फोनः ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४